आज मिति २०८२ साल असार महिनाको १ गतेका दिनको १:०० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८१/८२ को चौधौ बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | प्रित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | ध्रुवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | विकास के.सी. | प्रमुख प्रशासकीय अधिकृत |
| | हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| | यामलाल पोखेल | योजना शाखा प्रमुख |
| | अरविन्द महत | सहायक लेखा अधिकृत |
| | दामोदर उपाध्या | का.स. |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८२/२/८ गते बसेको तेत्रौं बैठकबाट आ.व. २०८२/८३ को नीति, कार्यक्रम तथा बजेट निर्माणमा सुझाव संकलनको लागि सार्वजनिक सूचना जारी गर्ने निर्णय अनुसार मेल मार्फत र स्वयं व्यक्ति पालिकामा उपस्थित भई सुझाव पेस गरेको, आ.व.२०८२/८३ को लागि प्राप्त हुने बजेटको विषयमा छलफल भएकोले बजेटको सीमा भित्र रही बजेट तथा कार्यक्रमहरु छनोटको तयारी अगाडि बढेको, विषयगत शाखा/एकाईबाट पेस भएका प्रस्तावित कार्यक्रमहरु विषयगत समितिहरुमा छलफल भई योजना तथा कार्यक्रम तर्जुमा समितिमा पेस भएको, बस्तिस्तरबाट योजना छनोट गर्ने काम अगाडि बढेको, गाडी मर्मतको खर्च अनुमोदन गरिएकोमा खर्च भुक्तानीको काम अगाडि बढेको, विभिन्न विद्यालयहरुको कक्षा थपको लागि अनुमति दिईएकोमा थप भएका कक्षाहरुको पठनपाठनको काम अगाडि बढेको, व्याक हु लोडरको ईन्धन, मर्मत र ईन्धन (कार्यालय प्रयोजन) को अपुग रकमको स्रोतको सुनिश्चितता गरिएकोमा खर्च भुक्तानीको कार्य अगाडि बढेको, विभिन्न अत्यावश्यक आयोजनाहरुको लागि स्रोतको सुनिश्चितता गरिएकोमा सम्झौता गरी निर्माणको कार्य अगाडि बढेको, विभिन्न संस्था तथा व्यक्तिहरुको निवेदन अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरिएकोमा आर्थिक सहयोग उपलब्ध गराईएको, दिर्घ रोगीहरुलाई औषधी उपचार खर्च बापतको मासिक पाँच हजारका दरले उपलब्ध गराउने रकम निकासा हुन ढिला भएको कारण उपलब्ध गराउन समस्या भएको हुँदा सोध भर्ना हुने गरी विविध खर्च खाताबाट स्रोतको व्यवस्थापन गरिएकोमा दिर्घ रोगीहरुको रकम निकासा अगाडि बढेको, झिमरुक गाउँपालिकाको आ.ब.२०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बाग्दुला मच्छी सडक स्तरउन्नती (बतासेडाँडा-मच्छी खण्ड),को योजनाको भेरिएसनको प्रक्रिया अगाडि बढाउने निर्णय अनुसार प्रक्रिया अगाडि बढेको, विभिन्न ठुला आयोजनाहरुको म्याद थप गर्ने निर्णय अनुसार म्याद समाप्त भएको मितिले ३ महिनाको लागि म्याद थप गरिएको, विविध कारणले वडा स्तरबाट कार्यान्वयन हुन नसकेका योजना / कार्यक्रमहरु संशोधन तथा रकमान्तर गएिकोमा संशोधित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको प्रक्रिया अगाडि बढेको, अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको सामाजिक सुरक्षा कार्यक्रमतर्फ विनियोजित बजेट कार्यान्वयनको लागि श्रमिकहरुको विवरण सामाजिक सुरक्षा कोषको कार्यालय, बुटवलमा सिफारिस गरिएको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं. २ आ.व. २०८२/८३ को लागि वजेट तथा योजना छनोट सम्वन्धमा ।**

**निर्णय नं २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा सबै वडाहरुका साविकका वडाहरुलाई समेट्ने गरी संघ प्रदेशका आयोजनाहरुसँग दोहोरो नपर्ने गरी र योजना बैंकमा रहेका योजनाहरुलाई मध्यनजर गरी योजना छनोट तथा प्राथमिकताक्रम निर्धारण गरी मिति २०८२ साल असार ५ गतेभित्र वडा समितिको निर्णय सहित गाउँपालिकामा पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं.३ आ.व. २०८२/८३ को को नीति, कार्यक्रम तथा बजेट पेसको लागि गाउँ सभाको बैठकको मिति तय गर्ने सम्वन्धमा ।**

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम र आय व्यय विवरण (वजेट) असार १० गतेसम्म सभामा पेस गर्ने कानुनी प्रावधान अनुसार मिति २०८२ साल असार ७ गते दिनको २ :०० वजे नीति तथा कार्यक्रम र मिति २०८२ साल असार १० गते दिनको २ :०० वजे आय व्यय विवरण (वार्षिक वजेट) गाउँ सभामा पेस गर्न गाउँ सभाको बैठक आह्वान गर्ने सर्वसम्मत निर्णय गरियो । साथै गाउँ सभाको पूर्ण तयारीको लागि मिति २०८२ साल असार ६ गते बिहानको ७:०० बजे गाउँ कार्यपालिकाको बैठक बस्ने सर्वसम्मत निर्णय गरियो ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ४ गोर्खा वेल्फर ट्रष्टबाट सञ्चालित खानेपानी योजनाहरुको जनश्रमदान सम्वन्धमा ।**
**निर्णय नं. ४**
प्रस्ताव नं ४ माथि छलफल गर्दा गोर्खा वेल्फर ट्रष्टबाट सञ्चालित तपसिल वमोजिमका खानेपानी योजनामा उपभोक्ताहरुबाट गर्नु पर्ने जनश्रमदान बरावर हुन आउने रकमको ५० प्रतिशत गाउँपालिकाले साझेदारी गर्ने निर्णय गरियो । सो जनश्रम बरावर हुन आउने रकमको ५० प्रतिशत रकम म्याचिङ्ग फण्ड शीर्षकबाट रु १४,७२,२८६। रकमान्तर गरी गोर्खा वेल्फर ट्रष्टबाट सञ्चालित खानेपानी योजनाहरुलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**तपसिल**

१. चिसावाङ्, हाँसीखोला खानेपानी आयोजना झिमरुक -६ रकम रु २,५५,२६२।
२. बौडा, पोखरी खानेपानी आयोजना झिमरुक -४ रकम रु ८,६४,७८७।
३. चिसावाङ्, खानेपानी आयोजना झिमरुक -६ रकम रु ३,५२,२३७।

**प्रस्ताव नं. ५ गाउँसभाको कार्य सूची तय गर्ने सम्वन्धमा ।**
**निर्णय नं ५**
प्रस्ताव नं ५ माथि व्यापक छलफल गर्दा मिति २०८२ साल असार ७ गते दिउसो २:०० र असार १० गते दिउसो २:०० बजे बस्ने झिमरुक गाउँपालिकाको १८ औं गाउँ सभाको कार्यसूची र प्रस्तुतकर्ता थप गृहकार्य गरी आगामी कार्यपालिका बैठकबाट तय गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ कार्यविधि,नियमावली र निर्देशिका पारित सम्बन्धमा ।**
**निर्णय नं. ६**
प्रस्ताव नं. ६ ८ माथि छलफल गर्दा विधेयक समितिबाट सिफारिस भई आएको तपसिल वमोजिमको कार्यविधि,नियमावली र निर्देशिकाका मस्यौदामा छलफल भइ पारित गर्ने निर्णय गरियो । साथै नियमावलीको हकमा गाउँ सभाबाट स्वीकृतको लागि कार्य सूचीमा राखी गाउँ सभा बैठकमा पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

१.कन्टिन्जेन्सी रकम खर्च व्यवस्थापन गर्ने कार्यविधि, २०८२
२.सभाका समितिको गठन तथा कार्य सञ्चालन नियमावली, २०८२
३.झिमरुक गाउँपालिका कार्यसञ्चालन निर्देशिका, २०८२

**प्रस्ताव नं. ७ पैतालिस बर्ष उमेर पुरा भएका एकल महिलाहरुको भत्ता सम्वन्धमा ।**
**निर्णय नं. ७**
प्रस्ताव नं. ७ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको एकल महिला भत्ता वितरण सम्वन्धी (कार्यक्रम कार्यान्वयन) कार्यविधि, २०८१ पारित भई कार्यान्वयनमा आएको हुँदा कार्यविधिको दफा ५ बमोजिमका तपसिल अनुसारका लाभग्राहीहरुलाई दफा १० को उपदफा ३ वमोजिमको भत्ता झिमरुक गाउँपालिकाको आन्तरिक स्रोतबाट वेहोर्ने गरी उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो । साथै कृतिम गर्भाधारण कार्यक्रम सञ्चालनको लागि सिमेन तथा नाईट्रोजन खरिद ढुवानी सहित शीर्षकबाट एकल महिला भत्ता वितरण कार्यक्रम शीर्षकमा रु ४२,०००। रकम रकमान्तर गरी भत्ता रकम उपलब्ध गराउने निर्णय गरियो ।

**विकास के.सी.**
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र.स | नामथर | उमेर | ठेगाना | भत्ता लागुहुने मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | कमला जि.सी. | ५४ | झिमरुक-१ | २०८२ बैशाख | अविवाहित |
| २ | माया जि.सी. | ४८ | झिमरुक-१ | २०८२ बैशाख | अविवाहित |
| ३ | राधा जि.सी. | ५८ | झिमरुक-१ | २०८२ बैशाख | अविवाहित |
| ४ | चित्र कुमारी राना | ६१ | झिमरुक-१ | २०८२ बैशाख | श्रीमान वेपत्ता भएका |
| ५ | गुमा सामत | ४६ | झिमरुक-१ | २०८२ बैशाख | श्रीमान वेपत्ता भएका |
| ६ | लक्ष्मी कुमारी घर्ति मगर | ४५ | झिमरुक-१ | २०८२ बैशाख | श्रीमान वेपत्ता भएका |
| ७ | निमकला सार्की | ५६ | झिमरुक-१ | २०८२ बैशाख | श्रीमान वेपत्ता भएका |
| ८ | बिमला रिजाल | ४७ | झिमरुक-५ | २०८२ जेठ | सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरी बसेको |
| ९ | शान्ता जि.सी. | ५७ | झिमरुक-५ | २०८२ जेठ | अविवाहित |
| १० | कुमारी कमला रिजाल | ५२ | झिमरुक-५ | २०८२ जेठ | अविवाहित |
| ११ | राधी चुदारा | ५० | झिमरुक-६ | २०८२ बैशाख | अविवाहित |
| १२ | लक्ष्मी कुमारी गिरी | ४६ | झिमरुक-७ | २०८२ जेठ | अविवाहित |
| १३ | माया सुनार | ५२ | झिमरुक-७ | २०८२ जेठ | अविवाहित |
| १४ | निर्मला गिरी | ४६ | झिमरुक-७ | २०८२ जेठ | अविवाहित |
| १५ | रेश्मा जि.सी. | ४९ | झिमरुक-७ | २०८२ जेठ | अविवाहित |
| १६ | क्वारा सुनार | ४७ | झिमरुक-७ | २०८२ जेठ | अविवाहित |
| १७ | इश्वरी कुमारी वस्नेत | ४९ | झिमरुक-८ | २०८२ जेठ | अविवाहित |

**प्रस्ताव नं. ८ नरेन्द्र गायत्री आँखा अस्पतालको अपुग रकम सम्वन्धमा ।**

**निर्णय नं. ८**

**प्रस्ताव न.** माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको क्षेत्र भित्रका ६० वर्ष माथिका ज्येष्ठ नागरिक र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई नरेन्द्र गायत्री आँखा अस्पतालमा आंखा उपचार सेवा कार्यक्रम अन्तरगंत विनियोजन भएको रकम अपुग भएको हुँदा जोखिम भत्ता शीर्षकमा विनियोजन गरिएको बजेट रकमबाट रु १,५०,०००। स्रोतको सुनिश्चितता गरी अपुग रकम निकासा दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ रकम रकमान्तर सम्बन्धमा ।**

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८१/८२ मा सञ्चालन गर्न विनियोजन गरिएका कार्यक्रमहरुबाट रकम रकमान्तर गरी तपसिल वमोजिमका शीर्षकबाट रकम रकमान्तर गर्नु पर्ने भएको हुँदा रकम रकमान्तर गरी कार्यक्रम कार्यान्वयनको प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क.स | साविकका योजना/ कार्यक्रमको नाम | ठेगाना | रकम | क. स | हाल रकमान्तर गरिएका योजना /कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|---|---|
| १. | कृषि तथा पशुपन्छी बिमाको बिमाङ्क रकममा ५० प्रतिशत रकम अनुदान | झिमरुक-गा.पा. | २,००,०००। | १. | आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम | २,००,०००। |
| २. | आयुर्वेदिक औषधी खरिद | झिमरुक-गा.पा. | १,००,०००। | २ | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रत्साहन कार्यक्रम (मासिक बैठक र यातायात खर्च) | २,८८,०००। |
| ३. | जोखिम भत्ता | झिमरुक-गा.पा. | १,८८,०००। | | | |
| ४ | घरभाडा | झिमरुक-गा.पा. | ८०,०००। | ३ | जग्गा भाडा | ८०,०००। |
| ५ | नेटा तोरबाङ्ग घुम्टी मर्मत | झिमरुक-६ | २,५०,०००। | ४ | विष्टटोला खानेपानी निर्माण झिमरुक -६ | २,५०,०००। |

**प्रस्ताव नं. १० आयोजना सम्झौताको निर्णय मिति सम्वन्धमा ।**

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको मिति २०८१ साल साउन ६ गते बसेको गाउँ कार्यपालिका बैठकको प्रस्ताव नं. ४ क (२) को निर्णय अनुसार गाउँ सभाको १६ औं अधिवेशनबाट पारित भएका आयोजनाहरुको सम्झौता गर्ने मिति २०८१ साल कार्तिक मसान्त मात्र तय गरिएकोमा विविध कारणले निर्धारित समय सीमाभित्र सम्झौता हुन नसकेको कारण निर्माण कार्यमा समस्या भएको हुँदा मिति २०८२ साल असार १० गतेसम्म सम्झौता गरी योजनाहरुको काम अगाडि वढाउने गरी सम्झौता मिति संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) सम्वन्धमा ।**

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको उत्कृष्ट लोगो डिजाईन तयार गरी पेस गर्नको लागि सार्वजनिक सूचना प्रकाशन गरिएकोमा सूचना अनुसार लोगो तयार गरी पेस भएका लागोहरुको छनोट कार्यको लागि मिति २०८१ चैत ७ गते बसेको कार्यपालिकाको बैठकबाट प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठन भएको सिफारिस कार्यदलले तपसिल वमोजिमको लोगो सिफारिस गरेको हुँदा उक्त लोगो गाउँ कार्यपालिका बैठकबाट स्वीकृत गरियो । आ.व. २०८१/८२ को लागि कर्मचारी प्रोत्साहन तथा पुरस्कार शीर्षकमा विनियोजन गरिएको रकमबाट सो लोगो डिजाइनकर्तालाई सूचनामा उल्लिखित भए वमोजिमको नगद पुरस्कार रु २० हजार सहित सम्मान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

१. सिर्जना पौडेल झिमरुक-५,मच्छी,प्युठान

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं. १२ NWASH MIS मा तथ्याङ्क अध्यावधिक सम्वन्धमा ।**

**निर्णय नं. १२**

प्रस्ताव नं १२ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता WASH योजना आ.व. २०८०/८१ मा पालिका अन्तर्गत विभिन्न वडाहरुमा संघ, प्रदेश र गाउँपालिका तथा अन्य संघ संस्थाहरुबाट निर्माण सम्पन्न भएका तपसिल बमोजिमका आयोजनाहरुलाई NWASH Application मार्फत Inventory गरी WASH योजना अध्यावधिक गर्ने निर्णय गरियो । साथै विद्यालयहरुको Emis Code छुट भएको हुँदा चालु शैक्षिक सत्रमा विद्यालयको विद्यार्थी तथा शिक्षक विवरण समेत फेरवदल भएको हुँदा उक्त विवरण समेत समावेश गरी NWASH MIS अध्याविधक गर्ने निर्णय गरियो ।

**तपसिल**

१. एरिखोला काँडापानी कोटफेरा लिफ्ट खानेपानी तथा सरसफाई आयोजना झिमरुक -२,३
२. सिम्लेनी खानेपानी तथा सरसफाई आयोजना झिमरुक-३
३. गौराडाँडा खानेपानी तथा सरसफाई आयोजना झिमरुक-३
४. चौके खानेपानी तथा सरसफाई आयोजना झिमरुक-४
५. कम्दले लिफ्ट खानेपानी तथा सरसफाई आयोजना झिमरुक-४
६. इस्नाकोट नुनथला खानेपानी तथा सरसफाई आयोजना झिमरुक-८
७. इस्नाकोट खानेपानी तथा सरसफाई आयोजना झिमरुक-८

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner